लमही नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लमही ,दाङ्ग
५ नं प्रदेश ,नेपाल
दोश्रो पटक प्रकाशित मिति :- २०७४/१२/९

विषय : औषधी तथा औषधीजन्य सामग्री खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

यस लमही नगरपालिका अन्तरगत अस्पतालमा ,निशुल्क स्वास्थ्य सेवा सञ्चालका लागि आवश्यक पर्ने औषधी तथा औषधी जन्य सामग्री खरिद गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक इजाज प्राप्त फर्म/कम्पनी /सप्लायर्स /व्यवसायी बाट निम्न शर्तको अधिनमा रहि मिति २०७४/११/१४ गतेका दिन प्रथम पटक शिलवन्दी दरभाउपत्र सूचना प्रकाशित गरिएको मा मिती २०७४/११/२९गतेमा खोली दरभाउपत्र अध्ययन गर्दा मू.अ.कर बाहेक भएको देखिएको र उक्त कबोल अंक मू.अ.कर जोडदा सबै दरभाउपत्र दाताहरुको कबोल अंक लागत स्टीमेट अनुमान भन्दा बढि देखिएकोले सबै दरभाउपत्र रद्ध गरि पुन:दोश्रो पटक सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१.सूचना प्रकाशित भएको मितिले १५ औं दिन २०७४/१२/२३ गते सम्म कार्यालय समय भित्र छुट्टाछुट्टै कामको लागी रु. १०००। फिर्ता नहुने गरी तिरी औषधी व्यवसायी प्रमाण पत्र , नविकरण प्रमाण पत्र , मु.अ. कर दतौ प्रमाण पत्र स्थायी लेखाप्रमाण पत्र तथा आ.व. २०७४/०७५को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन पेश गरी यस कार्यालयबाट शिलवन्दी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२.विकि भइसकेका दरभाउपत्रहरु शिलवन्दी गरी १६ औं दिन मिति २०७४/१२/२४ गते दिनको १२ वजे सम्म दर्ता गराइ सक्नु पर्ने छ र सो दिनको २ वजे दर्ता हुन आएका दरभाउप्रत्रहरु कार्यालय प्रतिनिधि र दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ । दरभाउदाता वा प्रतिनिधि नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्रदाताले तोकिएको वमोजिम धरौटी रकम वा सो वरावर रकमको बैंक गयारेण्टी दरभाउपत्र खोलिने अन्तिम मितिले १२० दिन म्याद भएको पेश गर्नुपर्ने छ ।

३.दरभाउपत्र खरिद गर्ने ,दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुने छ ।

४. एउटा फर्म वा व्यक्तिको नाममा खरिद गरेको दरभाउपत्र फार्म अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

५.दरभाउपत्रमा कवोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।केरमेट भएको ठाँमा सहिछाप गरेको हुनु पर्ने छ ।

६. औषधी खरिद गर्दा WHO GMP certified company बाट उत्पादित औषधी मात्र खरिद गरिने छ । वोटलमा सप्लाइ हुने औषधीहरु प्लाष्टिक वोटलमा र चक्कीहरु स्ट्रीपमा हुनु पर्ने छ । सप्लाइ हुने औषधी हरुको प्रत्येक प्याकिङ्गको वाहिर, वोत्तल र चक्कीहरुको स्ट्रीमा उत्पादन मिति म्याद गुज्रने मिति व्याच नं. लेखिएको हुनू पर्ने छ ।

७.औषधी दाखिला हुन आउदा सम्म औषधिको म्याद कम्तीमा १८ महिना सम्म वाकी हुनु पर्नै छ तर कुनै औषधीको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा म्यादको ७५ प्रतिशत म्याद वाकि हुदाको वखत मात्र दाखिला गर्न सकिने छ ।

८. दरभाउपत्रमा पेश गरेको मुल्य यस आ.व.को लागी भएकोले असार मसान्त सम्म कुनै प्रकारको मुल्य वृद्बी स्वीकार गरिने छैन ।

९.दरभाउपत्रमा माग गरेको परिणाम थप घट गरिने,दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०.दरभाउपत्र फार्ममा प्रत्येक औषधीको आइटम वाइज उत्पादन कम्पनीको नाम WHO GMP Certified Company अनिवार्य रुपले भर्नु पर्ने छ । सोहि अनुसारको प्रत्यक औषधिको नमुना समेत अनिवार्य रुपले छुट्टै शिलवन्दी गरी विवरण सहित पेश गर्नु पर्ने छ । साथै औषधी विकि वितरण दर्ता प्रमाण पत्र उत्पादन अनुज्ञा पत्र विदेशी औषधिको हकमा letter of recommendation आदि प्रमाण पत्रहरु पनि पेश गरेको हुनु पर्ने छ।

११.सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० ङ अनुसार दरभाउपत्रदाताले खरिद कार्वाहीमा लिन अयोग्य नभएको आफ्नो स्वार्थ नबाझिएको पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वयम घोषणा For Import of Drugs गरेको पत्र पेश गर्नु पर्ने छ ।

१२.दरभाउ पत्रदाताले दरभाउपत्रसाथ पेश गर्नुपर्नेप्रमाण पत्र तथा आवश्यक कागजातका साथ प्रतिलिपिहरु नेपाल नोटरी पब्लिक परिषदबाट मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरि पेश गर्नुपर्ने छ । नोटरी पब्लिकबाट प्रमाणित नगरिएका प्रतिलिपिहरु अमान्य मानिने छन ।